नेपाल सरकार

# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# स्वास्थ्य सेवा विभाग

टेकु, काठमाडौं

## आकस्मिक बाढीको प्रतिकार्यका प्रमुख गतिविधिहरूको प्रतिवेदन

प्रतिवेदन अवधिः २७ भाद्र २०८३

प्रतिवेदन नं : १५

### व्यवस्थापन महाशाखा

- व्यवस्थापन महाशाखाबाट विपद् प्रभावित क्षेत्रमा स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको मौज्दात व्यवस्थापन, प्राप्ति तथा मागअनुसार विभिन्न स्वास्थ्य संस्था/स्वास्थ्य शिविरमा वितरण तथा आपूर्ति गरिएको। विस्तृत विवरण उपलब्ध रहेको

| विषय | मुख्य विवरण |
|---|---|
| मुख्य सहयोगी संस्था | **Mercy Malaysia** बाट विभिन्न **३३ प्रकारका औषधि तथा स्वास्थ्य सामग्री गरी २६,७२० इकाइ** प्राप्त |
| प्रमुख प्राप्त सामग्री | Methylcobalamin ४,०००, Amlodipine 5 mg ३,०००, Amitriptyline 10 mg २,०००, Thiamine २,०००, Hydrochlorothiazide 12.5 mg १,५००, Benzhexol १,५००, Enalapril १,३०० लगायत |
| वितरण गरिएको | विभिन्न स्वास्थ्य संस्था तथा बाढी प्रभावित क्षेत्रमा कुल **३५,१९४ इकाइ** औषधि तथा स्वास्थ्य सामग्री वितरण |
| मुख्य प्राप्तकर्ता | **कीर्तिपुर अस्पताल** १६,११६, राष्ट्रिय ट्रमा सेन्टर ११,७८६, किस्पाङ–२, फिकुरी २,०१० र रसुवा स्वास्थ्य शिविरका लागि डा. गोविन्द केसी टोलीलाई **५,२८२ इकाइ** |
| प्रतिकार्यका लागि वितरण | IV fluids, Paracetamol, antibiotics, ORS, PPE/मास्क, सर्जिकल सामग्री तथा NCD/मानसिक स्वास्थ्यका औषधिहरू वितरण |
| हालको मौज्दात | २०८३/०५/२६ साँझ ५ बजेसम्म स्वास्थ्य सेवा विभागमा **२५१ प्रकारका औषधि तथा स्वास्थ्य सामग्री**, अभिलेखित मौज्दात **१४,४०,३३९ इकाइ** |

## इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा


- प्रभावित क्षेत्रमा SORMAS मार्फत ज्वरो तथा झाडापखालाजन्य केसहरूको नियमित अनुगमन जारी, विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको
- होल्डिङ सेन्टर र सेल्टरहरुबाट गत २४ घण्टामा कुल ५ वटा केस रिपोर्ट भएका छन्:
  - ० वटा Fever
  - ४ वटा Fever with Cough
  - ० वटा Fever with Rash
  - १ वटा Acute Gastroenteritis (AGE)
  - जनावरको टोकाइको केस रिपोर्ट नभएको


- सम्बन्धित स्थानीय तहबाट ज्वरो तथा झाडापखालाजन्य केसहरूको उचित व्यवस्थापन भइरहेको।
- नोटः जनस्वास्थ्य सम्बन्धि उपायहरु अपनाइनुका साथै थप अनुसनधान थथा अनुगमन कार्य भइरहेको।


## मनोसामाजिक परामर्श

- नुवाकोट,रसुवा,काठमाडौं,धादिङ्ग होल्डीङ्ग केन्द्र, अस्पताल तथा प्रभावित समुदायहरूमा MHPSS तथा PFA सेवा निरन्तर रुपमा सञ्चालनमा रहेको छ।
- नसर्ने रोग रोकथाम सम्बन्धी सेवाहरूको समन्वयका लागि बहुसरोकारवाला समन्वय गरि आगामी कार्यहरुलाई योजना निर्माण क्रममा रहेको छ।
- **बाढी प्रभावित क्षेत्रमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सम्पन्न मनोपरामर्श दाताहरूको आचार संहिता निर्माण गरिएको छ ।**
- **मानसिक स्वास्थ्य सहयोगका क्रममा प्रभावित व्यक्तिहरूका लागि सीप अभिवृद्धिका गतिविधिहरू पनि सञ्चालन गर्रिँदै आएको छ।**
- मानसिक स्वास्थ्यसम्बन्धी IEC सामग्री वितरण तथा विशेषज्ञ सेवाका लागि रेफरल प्रणाली सुदृढीकरण भइरहेको छ।
- मनोचिकित्सक तथा क्लिनिकल मनोविद्सहितको विशेषज्ञ टोलीद्वारा मानसिक स्वास्थ्य सेवा आवश्यकताको पहिचान, मूल्याङ्कन तथा आवश्यक सहायता प्रदान भइरहेको छ।
- मानसिक स्वास्थ्य हेल्पलाइन तथा अनलाइन रिपोर्टिङ प्रणाली मार्फत सेवा, अनुगमन तथा समन्वयलाई निरन्तरता दिइएको छ।


१. मनोसामाजिक परामर्श









२. मनोचिकित्सक सहितको मानसिक स्वास्थ्य टोलि परिचालनः


MH team in different districts
Kathmandu
Dhading
Rasuwa
Nuwakot
40
15
23
49
0
10
20
30
40
50
60
MH Team


मानसिक स्वास्थ्य उपचार र परामर्शलाई परिचालित जनसक्ति
हेल्पलाइन मार्फत
स्थलगत
17
125
0
20
40
60
80
100
120
140
संख्या


MH team details on ground
Psychiatrist , 1
Clinical Psyhcologist , 1
Counsellors/PFA volunteers , 125

## परिवार कल्याण महाशाखा

- रसुवा,नुवाकोट र धादिंग जिल्लामा हालसालै आएको बाढीबाट प्रभावित पालिकाहरूमा रहेका स्वास्थ्य संस्थाहरूको RMNCH (Reproductive, Maternal, Newborn and Child Health) सेवा अवस्था यकिन गर्न तथा तत्काल आवश्यक पर्ने सहयोग पहिचान गर्न द्रुत मूल्यांकन टोली परिचालन गरिएको थियो। यस अन्तर्गत जिल्लाभित्रका बढी प्रभावित Birthing Center (BC), BEmONC (Basic Emergency Obstetric and Newborn Care) र CEmONC (Comprehensive Emergency Obstetric and Newborn Care) सेवा दिने स्वास्थ्य संस्थाहरूको भौतिक अवस्था, सेवा प्रवाहको निरन्तरता र क्षतिको मूल्यांकन गरिएको हो।
- **हिमालयन एकेडेमी होल्डिङ सेन्टरमा**
  - ५० परिवारका कुल १०८ जना व्यक्ति आश्रयमा रहेका थिए,
    - जसमा २९ पुरुष, २४ महिला, २९ बालक र २६ बालिका रहेका थिए।
    - त्यसमध्ये २ वर्षमुनिका ३ बालबालिका बालिका २ बालक र १)), ६० वर्षमाथिका ज्येष्ठ नागरिक तथा १ जना गर्भवती महिला रहेका थिए।
    - गर्भवती महिला रसुवाको मेलुङ क्षेत्रबाट विस्थापित भई यस होल्डिङ सेन्टरमा आश्रय लिइरहेकी, ३६ हप्ताको गर्भावस्थामा रहेकी र भ्रूण ब्रीच पोजिसनमा रहेको जानकारी प्राप्त भयो। अवस्थालाई ध्यानमा राखी थप प्रसूति तथा विशेषज्ञ सेवाका लागि काठमाडौं रेफर गर्न आवश्यक समन्वय तथा रेफरल व्यवस्था गरिएको छ।
- धादिङ जिल्ला गजुरी प्रा.स्वा.के तथा गलौंडी Holding Centerको अनुगमन गरिएको छ ।







३६ औ हप्ताको गर्भवती ब्रिच पोजिसन

**पोषण**

- नुवाकोट जिल्लाको ४ वटा बाढी प्रभावित पालिकाहरूको होल्डिङ सेन्टरमा रहेका ५ वर्षमुनिका 210 बालबालिकाहरूको पोषण लेखाजोखा गर्दा सबै जनाको पोषणको अवस्था सामान्य रहेको छ।
- रसुवा जिल्लामा पोषण क्लस्टरको बैठक सम्पन्न भयो, स्क्रिनिङको तयारी भइरहेको छ।







**राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र**
**जोखिम सञ्चार तथा सामुदायिक संलग्नता (RCCE) सम्बन्धी प्रमुख गतिविधिहरू**






यस अवधिमा राष्ट्रिय स्वास्थ्य शिक्षा, सुचना तथा सञ्चार केन्द्रको फेसवुक पेजबाट दुईबटा इन्फोग्राफिक सम्प्रेषण गरिएका छन् ।

अनुसुची

**SORMAS** को **Daily Surveillance Report Module** मा पछिल्लो २४ घण्टामा प्रतिवेदन भएका संक्रामक रोग भएका होल्डिङ सेन्टरहरु

## Cases reported by each shelter, by date

Every holding centre that reported at least one case in the period, plus centres the registry holds

| | Population | 11 Sep | Total |
|---|---|---|---|
| Sundari Kyaurini Secondary School | 81 | 3 | 3 |
| Kemin Shyame Wangfel Secondary School | 54 | 2 | 2 |